# शान्त समय पुस्तिका

## “धर्मी जीवन”

नेपाल चर्च अफ क्राईष्ट

बागबजार, काठमाण्डौ

(घरायसी प्रयोजनको लागि मात्र)

**पहिलो दिन : धार्मिक जन बिश्वासद्वारा बाँच्नेछ**

**हिब्रु- १० :३८**

**तर मेरो धार्मिक जनचाहिँ विश्वासद्वारा बाँच्नेछ , र यदि ऊ पछि हट्छ भनेता म उसँग खुशी हुनेछैन ।**

धार्मिक मानिसहरुको जीवनको सिद्धान्त भनेको विश्वास हो , र तिनीहरु कहिल्यै पनि आफैमा बढी ध्यान दिँदैनन् साँचो विश्वास गर्ने मानिसले जहिले पनि आफुलाई परमेश्वरमा राखेर हेर्दछ भने घमण्डी व्यक्तिले जहिले पनि आफैमा बढी ध्यान दिन्छन् । आज हामी विश्वासद्वारा जिउन बोलाइएका हौँ । कोही विश्वासीहरु भक्तिद्वारा, कोही कामद्वारा, काही भावनाद्वारा र कोही परिस्थिति अनुसार जिउँछन् । यदि विश्वास भएन भने यी सबै व्यर्थका र खतरानाक पनि हुन सक्छन् । यदि हामी विश्वासबाट पछि हट्यौं भने परमेश्वर त्यसमा कदापी प्रसन्न हुनुहुनेछैन ।

**गर्नुपर्ने काम : हिब्रु अध्याय ११ पुरै पढ्नुहोस् र चिन्तनं मनन गर्नुहोस् ।**

**दोस्रो दिन : धर्मी चाहिँ खजूरको बोटझैँ लहलह हुन्छ ।**

**भजनसँग्रह - ९२ : १२**

**धर्मी चाहिँ खजूरको बोटझैँ लहलह हुन्छ , तिनीहरु लेबनानको देवदारुजस्तै बढ्छन् ।**

दुष्ट मानिसहरु मौलाउने तिनीहरुको आफ्नै मौसम हुन्छ तर धर्मीचाहिँ हरियाली खजूरजस्तै सधैँ हरियो रहन्छ । दुष्ट मानिसहरुले यो जान्दछ कि यस सँसारले तिनीहरुले अनुभव गर्ने सबै उत्तम कुराहरु प्रदान गर्छन् तर धर्मी जनहरुले यो जान्नु जरुरी छ कि यस सँसारले सबैभन्दा खराव कुराहरु प्रदान गर्दछन् । जब हामी एक उत्तम खजूरको बोटलाई देख्छौँ जसले आफ्नो पुरै सामर्थ्य डाँठमा लगाएको हुन्छ र कुनै पनि मरुभुमिमा खडेरीको बाबजुत पनि हुर्किरहेको हुन्छ , तब हामीमा एक जना धर्मी मानिसको चित्र आउँछ जो आफ्नो इमान्दारितामा परमेश्वरको महिमाको लागि मात्र अघि बढिरहन्छ र बाहिरी परिस्थितिहरुबाट स्वतन्त्र भएको हुन्छ । त्यस्तो मानिस परमेश्वरको अनुग्रहमार्फत बाँच्छ र सबै चिजहरु नाश हुँदा पनि निरन्तर अघि बढिरहन्छ ।

लेवनानको देवदारु रुखहरु तिनीहरुको आकार, मजबुती, टिकाउ, सुन्दरता र उपयोगिताको लागि परिचित थिए । धर्मी मानिसको जीवनमा आउने आशिषहरु पनि यस्तै हुन्छन् ।

**गर्नुपर्ने काम : तपाईले आफ्नो जीवनमा भोग्नुभएका केही खराव परिस्थितिहरुलाई सोच्नुहोस् र तपाई धर्मी हुनुभएको कारणले परमेश्वरले आशिष दिनुभएकोमा उहाँको प्रशँसा गर्नुहोस् ।**

## तेस्रो दिन : धर्मी मानिस आफ्नै बाटोमा हिँडिरहन्छन्

**अचयूब : १७ : ९ यी सबै भएतापनि धर्मी मानिस आफ्नै बाटोमा हिँडिरहन्छन् , अनि जसका हात निर्दोष छन् , तिनीहरु बलिया हुनेछन् ।**

यस वचनमा अचयूबले धर्मी मानिसको विजयको बारेमा जोडदार रुपमा घोषणा गरेका छन् । उसको सँकटको घडीमा पनि उसको विश्वासको ज्वाला बलिरहन्छन् । धेर्यताले विजयतर्फ लैजान्छ जसरी अचयूबले पनि आफ्नो जीवनमा कठोर र लामो सँकटपछि विजय अनुभव गरे । निर्दोष हात भएका मानिसहरु बलिया भएजस्तै धेर्यता पछिको विजय पनि विस्तारै हुँदै जान्छ । अुचयूबको अवस्था पनि तुरुन्तै राम्रो भएन तर त्यहाँ प्रेरणा र स्पष्टताको ज्वालाहरु भइरह्यो । अन्त्यमा परमेश्वरले उसलाई लामो सँकटको अनुभव मार्फत लैजानुभयो ।

**गर्नुपर्ने काम : तपाईको विचारमा धर्मी मानिसको जीवनमा के कस्ता दृढसँकल्पहरु हुनु जरुरी छ ? तिनीहरुको बुँदा बनाउनुहोस् र त्यस कुराहरुमा परमेश्वरले तपाईलाई शक्तिशाली रुपमा प्रयोग गर्न सकोस् भनी प्रार्थना गनुहोस् ।**

## चौथो दिन : धर्मीको सम्झना गर्नु आशिषमय हुनेछ

**हितोपदेश : १० : ७ धर्मीको सम्झना गर्नु आशिषमय हुनेछ , तर दुष्टको नाउँचाहिँ सडेर जानेछ ।**

यस सँसारको कुरा गर्ने हो भने, हामी सबैजना एक दिन यस सँसारलाई छोडेर जानेछौँ र सम्झना मात्र बाँकी रहनेछ। हरेक मानिसले केही न केही सम्झना छोडेर जानेछ । त्यो सम्झना भने मानिसले आफ्नो जीवनमा कसरी जीवन बिताए त्यसैको आधारमा हुनेछ । केही सम्झनाहरु विलिएर जान्छन् भने केहीलाई सम्झेर आनन्द मनाउँछन् ।

मानिसको जीवन छोटो भएतापनि मानिससँग केही गर्ने पर्याप्त समय हुन्छ जुन कुरा यस सँसारमा सम्झनाको रुपमा रहन्छ र जब हामी यस पृथ्वीबाट जान्छौँ, त्यो कसैको लागि आशिष हुनेछ । हरेक पुरुषहरु र स्त्रीहरुले तिनीहरु प्रशँसा या शरम् के को लागि सम्झिनेछन् भनी आफैले चुन्नु जरुरी छ ।

**गर्नुपर्ने काम : मानिसहरुले तपाईको बारेमा कस्ता कुराहरु गर्छन् जस्तो लाग्छ ? तपाईको बारेमा आशिषमय सम्झनाहरु बनाउनको लागि तपाईले के कस्ता कुराहरुमा परिवर्तन गर्नुपर्छ ? त्यसको बारेमा प्रार्थना गर्नुहोस् ।**

## पाचौँ दिन : धर्मात्मा कहिल्यै उखेलिनेछैन

**हितोपदेश : १० : ३० धर्मात्मा कहिल्यै उखेलिनेछैन , तर दुष्ट मानिस पृथ्वीमा रहनेछैन ।**

परमेश्वरको धर्मी मानिसहरुको लागि सुरक्षित र नहल्लिने सुन्दर भविष्य रहेको छ । तिनीहरु चारैतिरबाट कष्टित भएतापनि कहिल्यै किचिएका छैनन् । अन्योलमा परेका छन् तर हताश भएका छैनन् । सताएका छन् तर त्यागिएका छैनन् । प्रहार गरेर ढलेका छन् तर नष्ट पारिएका छैनन् । ( २ कोरिन्थी-४ : ८ )

धर्मी मानिस कहिल्यै पनि परमेश्वरको प्रेमबाट, खीष्टको बाहुलीबाट, परमेश्वरको परिवारबाट हटाइनेछैन । कसले हामीलाई खीष्टको प्रेमबाट अलग गर्ने ?के सँकष्टले, अथवा दुखले, वा खेदोले वा अनिकालले, वा नग्नताले, अथवा खतराले, वा तरवारले ?( रोमी- ८ : ३५ )

**गर्नुपर्ने काम : तपाईले भोगिरहनुभएको सबै कष्टहरु, सतावटहरुको बारेमा प्रार्थना गर्नुहोस् ।**

## छैटौँ दिन : परमेश्वरको नजर धर्मात्माहरुमाथी रहन्छ

१ पत्रुस - ३ : १२ किनकि परमेश्वरको नजर धर्मात्माहरुमाथी रहन्छ, र उहाँका कान तिनीहरुका प्रार्थनातिर खुला हुन्छन्, तर परमप्रभुको मुहार खराव गर्नेहरुका विरुद्धमा हुन्छन् ।

धर्मी मानिसले परमेश्वरको ध्यानलाई आकर्षित गर्छन् , र ऊ जहाँ पनि रहन्छ, त्यहाँ परमेश्वरको कान हुन्छन् । धर्मी मानिसले आफ्नो समय प्रार्थनामा बिताउँछ र जब उसले प्रार्थना गर्छ , परमेश्वरले ध्यानसित सुन्नुहुन्छ ।

धर्मी मानिस जहिलेपनि परमेश्वरको नजर र ध्यानमा रहन्छ । परमेश्वरले त्यस्तो व्यक्तिलाई निरन्तर रुपमा हेरिरहनुहुन्छ र ऊ परमेश्वरकै निरन्तर सुरक्षामा रहन्छ ।

किनकि जसका हृदय उहाँप्रति भक्त छन् , तिनीहरुलाई सहायता दिन सारा पृथ्विभरि नै परमप्रभुको दृष्टि रहिरहन्छ । ( २ इतिहास- १६ : ९)

**गर्नुपर्ने काम : परमेश्वरको तपाईप्रतिको ध्यानको निम्ति धन्यबाद दिनुहोस् । तपाईको सुनुवाई भएको सम्पूर्ण प्रार्थनाहरु सम्झनुहोस् परमेश्वरलाई धन्यवाद दिनुहोस् ।**

## <u>सातौँ दिन : धार्मिक मानिसको प्रार्थना शक्तिशाली र प्रभावशाली हुन्छ</u>

**याकुब-५: १६ यसकारण तिमीहरु एउटाले अर्कासँग आफ्ना-आफ्ना पाप स्वीकार गर । तिमीहरु निको हुनलाई एउटाले अर्काको निम्ति प्रार्थना गर । धार्मिक मानिसको प्रार्थना शक्तिशाली र प्रभावशाली हुन्छ ।**

जब परमेश्वरले उहाँको मण्डलीमा कुनै विशेष काम गर्न चाहनुहुन्छ, उहाँले आफ्ना अनुयायीहरुलाई अनुग्रह र अन्तरबिन्तीको आत्मा दिनुहुन्छ । परमेश्वरले यस्ता काम कुनै व्यक्तिको जीवनमा कुनै विशेष कामको लागि गर्नुहुन्छ ।

जब यस्तो प्रार्थनाको शक्ति प्रदान गर्नुहुन्छ, हामीले विश्वास गर्नुपर्छ ताकि आशिष हामीमाथी दिइनेछ । प्रार्थनाको शक्ति नै परमेश्वरले निको पार्न देखाउनुहुने उहाँको शक्ति हो । लामो लामो प्रार्थनाले परमेश्वरको विशेष प्रेरणा भएको भन्ने कुरा प्रमाणित गर्दैन ।

**गर्नुपर्ने काम : तपाईको जीवनको बारेमा कसैलाई बताउनुहोस् र सँगै प्रार्थना गर्नुहोस् ।**

## <u>आठौँ दिन : धर्मी मानिसहरु दुष्टबाट जोगाइनलाई उठाइलगिन्छन्</u>

**यशैया- ५७ : १ धर्मी मानिसहरु नष्ट हुन्छन् र त्यस कुराको कसैले आफ्नो मनमा वास्ता गर्दैन । भक्त मानिसहरु उठाइलगिन्छन् तर कसैले बुझ्दैन कि दुष्टदेखि जोगाइनलाई धर्मी मानिस उठाइलगिन्छन् ।**

अघिल्लो अध्यायमा यहुदाका अगुवाहरुको गालीलाई ध्यान दिँदै परमेश्वरले धर्मीहरुको सतावटको बारेमा बोल्नुहुन्छ । यहुदाका दुष्ट अगुवाहरुले धर्मीहरुलाई बेवास्ता र सतावट दिने भएतापनि परमेश्वरले तिनीहरुलाई कहिल्यै पनि त्याग्नुहुन्न । जब धर्मी मानिसहरु नष्ट हुन्छन् र भक्त मानिसहरु उठाइलगिन्छन् , परमेश्वरले तिनीहरुलाई दुष्टबाट जोगाएर शान्तिमा लैजानको निम्ति यसो गर्नुहुन्छ ।

धर्मी जनहरुले आराम र शान्ति प्राप्त गरे तर अधर्मी मानिसहरु कैदमा गए , अनि कतिजनाहरु त्यहीँ नै मारिए । **परमप्रभुका पवित्र जनहरुको मृत्यु उहाँको दृष्टिमा अनमोल छ । - भजनसँग्रह- ११६ : १५** )

**गर्नुपर्ने काम : तपाईको प्रार्थनामा धार्मिकताको कारण सतावटमा परेका र मारिएका मानिसहरुको लागि सम्झिनुहोस् ।**

## नबौँ दिन : धार्मिक मानिसलाई धेरै बिपत्ति आइलाग्छन्

**भजनसँग्रह- ३४ : १९ : धार्मिक मानिसलाई धेरै बिपत्ति आइलाग्छन् तर परमप्रभुले त्यसलाई ती सबैबाट उद्धार दिनुहुन्छ ।**

विश्वास र आज्ञाकारितामा हिँड्ने परमेश्वरको छोराछोरीहरुलाई बिपत्तिबाट कुनै पनि छूट छैन । यदि हामी परमेश्वरमा भरोसा गरेर उहाँलाई पुर्काछौँ, उहाँले हामीलाई हाम्रा विपत्तिहरुको माझबाट हेर्नुहुन्छ र ति हाम्रा निम्ति आशिष हुनेछन् ।

यस कुरामा हामी विश्वस्त छौँ कि जब हाम्रो हृदय टुक्रिएको र आत्माहरु दविएका हुन्छन् , परमेश्वर हाम्रो नजिकै रहनुहुन्छ । यो प्रतिज्ञामा परमेश्वरले कुनै पनि सर्तहरु जोड्नुभएको छैन । **धन्य धार्मिकताको निम्ति सताइनेहरु, किनभने स्वर्गको राज्य तिनीहरुको हो । ( मत्ती- ५ : १०** )

**गर्नुपर्ने काम : आज तपाइको हृदयमा कुन कुराले पीडा दिइरहेको छ ?तपाइको जीवनको विपत्तिहरुको बारेमा परमेश्वरले के गनुभएको तपाई चाहनुहुन्छ ?परमेश्वरको इच्छामा आत्मासमर्पण गर्ने हृदयको निम्ति प्रार्थना गर्नुहोस् ।**

## दशौँ दिन : धर्मी मानिसको घरमा प्रशस्त धन हुन्छ

**हितोपदेश - १५ : ६  धर्मी मानिसको घरमा प्रशस्त धन हुन्छ, तर दुष्ट मानिसको कमाइले दु:ख ल्याउँछ ।**

धर्मी मानिसको घरमा भएको धन भौतिक कुरामात्र होइन, सबैभन्दा ठूलो धन आत्मिकता हुन् । हरेक धर्मी मानिस धनी मानिस हुन् चाहे ऊसँग यस जीवनको कुराहरु धेरै वा थोरै होस् ।

दुष्ट मानिसहरुले जे कमाइ गरिन्छ, त्यो पनि समस्या हुन सक्छन् । तिनीहरुसँग धन भन्दा पनि विपत्तिहरु बढी हुन्छन् । उनीहरुले धेरै राजस्वहरु प्राप्त गरेतापनि जीवनमा धेरै विपत्तिहरुले घेरिएको हुन्छन् ।

**गर्नुपर्ने काम : तपाईको कस्तो किसिमको धनमा ध्यान दिनुहुन्छ ?तपाई प्राप्त गर्न चाहनुहुने केही आत्मिक धनहरुको बुँदा बनाउनुहोस् र त्यसलाई कसरी प्राप्त गर्ने भन्ने बारेमा सोच्नुहोस् ।**

## एघारौँ दिन : धर्मात्माले गरीबको न्यायबारे हेरविचार गर्छ

### हितोपदेश- २९ : ७धर्मात्माले गरीबको न्यायबारे हेरविचार गर्छ , तर दुष्टले चाहीँ त्यसबारे सरोकार नै राख्दैन

धर्मी पुरुष वा स्त्रीको एउटा सँकेत गरीबलाई ख्याल गर्नु हो । त्यस व्यक्तिले गरीबप्रतिदयाको भावना मात्र देखाउँदैन, तर गरीबको न्यायबारे हेरबिचार पनि गर्छ । यो भनेको दया वा करुणा सँगसँगै काम पनि देखाउनु हो ।

तर दुष्ट मानिस, जसले परमेश्वर र उहाँको बुद्धिलाई अवहेलना गर्छ, उसले दया वा करुणालाई जान्न सक्दैन । अरुलाई दया देखाउँदा उसको आफ्नो इच्छा पूरा नहुने भएकाले, दया वा करुणालाई बुझ्न सक्दैन । उसले बेवास्ता गर्नु वा अबुझ हुनु बौद्धिक कमजोरी होइन, तर एक दुष्ट स्वभावको अभिव्यक्ति हो ।

**गर्नुपर्ने काम : गरीबको लागि केही मदत गर्ने योजना बनाउनुहोस् ।**

## बाह्रौं दिन : धर्मीले इच्छा गरेको कुरा मन्जूर गरिनेछ

### हितोपदेश- १० : २४ आतङ्कित बनेको कुरा नै दुष्टमाथी आइपर्नेछ । धर्मीले इच्छा गरेको कुरा मन्जूर गरिनेछ

दुष्ट मानिसहरुलेगलत कुराहरु गरेको र तिनीहरुको लेखाजोखाको दिन आउनेछन् भनी राम्रोसँग जानेको हुन्छ । त्यसकारण तिनीहरु डरमा जीवन जिउँछन् र ती डरहरु एक दिन तिनीहरुमाथी आइपर्नेछन् ।

धर्मी मानिसहरुले पनि भविष्यमा हुन आउने कुराहरुको बारेमा जानेको हुन्छ, तर ती कुराहरु आशाले भरिएको हुन्छ । तिनीहरुको धर्मी इच्छाहरु मन्जूर गरिनेछ । **धर्मात्माका इच्छाको अन्त्य केवल असलै हुन्छ, तर दुष्टका आशाको अन्त्य केवल क्रोधमा हुन्छ । ( हितोपदेश- ११ : २३ )**

**गर्नुपर्ने काम : तपाईका इच्छाहरुको बुँदा बनाउनुहोस् र प्रार्थना गर्नुहोस् ।**

## <u>तेह्रौं दिन : धर्मीले बेईमानलाई घृणा गर्छ</u>

**हितोपदेश- २९ : २७धर्मीले बेईमानलाई घृणा गर्छ , दुष्टले ईमान्दारलाई घृणा गर्छ**

यदि हामी बेइमानलाई घृणा गर्दैनौ भने हामी धर्मी हुन सक्दैनौं । यदि हामी धर्मी भएकै कारणले घृणित हुन्छौं भने जसले हामीलाई घृणा गर्छन् तिनीहरु धर्मी होइनन् ।

धर्मीले दुष्टलाई घृणा गर्छन् किनभने तिनीहरु दुष्टहरुको दुराचारी आत्मा र कामहरुलाई सहन सक्दैनन् । धर्मीहरुले दुष्ट मानिसहरु र तिनीहरुको कामहरुलाई घृणा गर्छन् । तर दुष्टहरुले धर्मीहरु र तिनीहरुको कामहरुलाई घृणा गर्छन् । तिनीहरुले असल मानिसहरु र असल कामहरुलाई घृणा गर्छन् ।

जसरी चिकित्सकले रोगलाई घृणा गर्छन् , तर बिरामीलाई प्रेम गर्छन् र त्यो रोगबाट निको पार्ने कोसिस गर्छन ।

**गर्नुपर्ने काम : एक जना व्यक्तिको बारेमा सोच्नुहोस् जसले सही काम गरिरहेका छैनन् । केही समय लिएर त्यस व्यक्तिलाई उसको बेधर्मी जीवनबाट मुक्त हुन मदत गर्नुहोस् ।**

## <u>चौधौं दिन : ज्ञानले धर्मीलाई छुटकारा मिल्छ</u>

**हितोपदेश- ११ : ९ ईश्वरहीनको आफ्नै मुखले आफ्नो छिमेकीको बरबादी गर्छ , तर ज्ञानले धर्मीलाई छुटकारा मिल्छ**

ढोँगी वा पाखण्डीलाई पहिचान गर्ने एउटा चिन्ह यो हो कि तिनीहरुले आफ्ना मुखको बोलीले मानिसहरुलाई नाश गर्छन् । सच्चा प्रेमले अरुलाई नाश भन्दा पनि माथी उठाउने काम गर्छ ।

परमेश्वरले धर्मीहरुलाई तिनीहरुको ज्ञानद्वारा बुद्धि र उहाँ सँग व्यक्तिगत सम्बन्ध बनाउने जस्ता दुबै कुराहरुमा छुटकारा दिनुहुन्छ ।

**यदि कोही मानिसले आफूलाई धर्मी सम्झन्छ , र आफ्नो जिब्रोमा लगाम लगाउँदैन तर आफ्नो हृदयलाई धोका दिन्छ भनेता त्यस मानिसको धर्म व्यर्थ हुन्छ । ( याकूब- १ : २६ )**

**गर्नुपर्ने काम : यदि तपाईले भर्खरै आफ्नो बोलीद्वारा कसैलाई चोट पुऱ्याउनुभएको छ भने गएर मिलाप गर्नुहोस् ।**

## पन्ध्रौँ दिन : धर्मीले पेटभरी मस्तीसँग खान्छ

**हितोपदेश- १३ : २५  धर्मीले पेटभरी मस्तीसँग खान्छ , तर दुष्टको पेट भोकभोकै हुन्छ**

धर्मी मानिसले बाँच्नको लागि पर्याप्त आशिष पाएको हुन्छ र उसँग जे जति छ , त्यसैमा सन्तुष्ट पनि रहन्छ । उसले बुद्धिमानीसाथ आफूसँग भएको कुराहरु प्रयोग गर्छ , र ऊ आफ्नो भागमा सन्तुष्ट रहन्छ । उसले आफूसँग भएको भन्दा बढी खर्च गर्दैन र उसले आफ्नो भोक मेटाउन मात्र खान्छ । ऊ कहिल्यै पनि मोजमस्ती र नचाहिने कुराहरुमा लिप्त भएर बस्दैन ।

तर दुष्टको पेटले भोक नलाग्दा पनि खान चाहन्छन् चाहे त्यो शारिरीक वा आत्मिक कुनै पनि भोजन होस् । दुष्ट मानिससँग धेरै भएको बेला पनि ऊ भोकै रहन्छ किनकि ऊसँग भोजन खाएर पेट भर्ने हृदय हुँदैन ।

**गर्नुपर्ने काम : तपाइले दैनिक रुपमा खानुहुने भोजन दिनुभएकोमा परमेश्वरलाई धन्यवाद दिनुहोस् ।**

## सोह्रौँ दिन : धर्मीचाहिँ जरा गाडेर बस्छ

**हितोपदेश- १२ : १२ दुष्टले खराब मानिसहरुले लुटेको सामानको अभिलाषा गर्छ , तर धर्मीचाहिँ जरा गाडेर बस्छ**

दुष्टहरु खराब मानिसहरुले लुटेको पनि सामानको अभिलाषा गर्ने स्वभावको हुन्छ । यसरी तिनीहरुले लोभ गरेर पाप गर्छन् र खराब मानिसहरुले कमाएको सामानको अभिलाषा गर्छन् ।

परमेश्वरको धर्मी जन चाहिँ खराब मानिसहरुले लुटेको सामानको लोभ गर्नुपर्दैन किनकि तिनीहरु फल दिने रुखहरु जस्तै हुन्छन् । धर्मीहरुको जराबाट नै तिनीहरु चिनिन्छन् ।

**उनको राज्यकालमा धर्मीहरुको फलिफाप हुनेछ र जून रहुन्जेल उन्नति प्रशस्त हुनेछ । ( भजनसँग्रह- ७२ : ७ )**

**गर्नुपर्ने काम : तपाईको जीवनमा भएका आशिषहरु कसैलाई बाँड्नुहोस् (कसैलाई एउटा उपहार दिनुहोस् )**

## <u>सत्रौँ दिन : धर्मी जनहरुले उदारतापूर्वक दिन्छन्</u>

**भजनसँग्रह- ३७ : २१ दुष्टहरुले ऋण लिन्छन् र तिर्दैनन् तर धर्मी जनहरुले उदारतापूर्वक दिन्छन्**

दुष्टहरु सापटी लिन्छन् र तिर्दैनन् किनकि तिनीहरु तिर्न पनि चाहँदैनन् र तिर्न पनि सक्दैनन् । चाहनाले गर्दा जीवन धरापमा पर्छन् र ऋणबाट कहिल्यै मुक्त हुँदैनन् । दुष्टहरु कतिपय समयमा यस जीवनमा घरबारबिहिन हुन्छन् ।

धर्मीजन उदारतापूर्वक दिन्छन् र दयाले भरिपूर्ण हुन्छन् । ऊ उदार हुन्छन् र फलिफाप पनि हुन्छन् । ऊ ऋण लिने होइन तर दिने हुन्छन् । उसले आफ्नो कान गरीबहरुको बिन्तीमा थाप्छन् । ऊ आदानप्रदान गरेर घरबारबिहिन नभइकन बरु धनी बन्छन् र अरु धेरैलाई मदत गर्न सक्छन् ।

**गर्नुपर्ने काम : यदि तपाईले कसैलाई तिर्नु छ भने त्यो काम सकेसम्म चाँडो गर्नुहोस् ।**

## <u>अठारौँ दिन : धर्मी जनहरुसँग भएको थोरै कुरो उत्तम हो</u>

**भजनसँग्रह- ३७ : १६ धेरै दुष्टहरुका सम्पत्तिको प्रचुरता भन्दा धर्मी जनहरुसँग भएको थोरै कुरो उत्तम हो**

दुष्टहरुसँग भएको कुराहरु धेरै समय टिक्न सक्दैन । धेरै दुष्टहरुका सम्पत्तिको प्रचुरता भन्दा धर्मी जनहरुसँग भएको थोरै कुरो उत्तम हो । परमेश्वरको डरमा रहेर धर्मी जीवन जिउनु नै लामो समयको लागि गरिएको लगानीको उत्तम रणनीति हो । उसको जीवनमा परमेश्वरको आशिषहरु बढ्दै जान्छन् र श्रापहरु घट्दै जान्छन् ।

मानिसको खुसी उसको धन्सारमा भएको सूनको थुप्रोले ल्याउन सक्दैन ।

**गर्नुपर्ने काम : तपाइको जीवनमा भएका आशिषहरुलाई सम्भनुहोस् र परमेश्वरलाई कृतज्ञता व्यक्त गर्नुहोस् ।**

## उन्नाइसौँ दिन : धर्मीले भूटलाई घृणा गर्दछ

**हितोपदेश- १३ : ५ धर्मीले भूटलाई घृणा गर्दछ , तर दुष्टले लाज र बेइज्जत ल्याउँछ**

धर्मी मानिसले सत्यलाई प्रेम गर्ने र भूटलाई त्याग्ने मात्र होइन, तर तिनीहरुले भूटलाई घृणा गर्छन् । धर्मी भएको कारणले तिनीहरु परमेश्वर जस्तै सत्यलाई प्रेम गर्ने र भूटलाई घृणा गर्ने हुन्छन् ।

दुष्ट मानिसहरुले भूटलाई प्रेम गर्दछन् र यसले तिनीहरुमा लाज र बेइज्जत ल्याउँछ । दुष्टहरु घृणित, घिनलाग्दो, सिद्धान्त र अभ्यासमा भ्रष्ट हुन्छन् ।

**गर्नुपर्ने काम : यदि तपाइले भर्खरै भूट बोल्नुभएको छ भने सुधार्ने प्रयत्न गरौँ ।**

## बिसौँ दिन : धर्मात्माको मुख जीवनको फुहारा हो

**हितोपदेश- १० : ११ धर्मात्माको मुख जीवनको फुहारा हो, तर दुष्टको मुखमा हिँसा लुकेको हुन्छ ।**

धर्मी मानिसले अरुलाई र आफैलाई पनि जीवन दिने बोली बोल्दछ । विशेष गरी बगिरहेको पानी मूल्यवान हुन्छ र सबै मानिसहरु त्यसको वरिपरि बसेको हुन्छ । त्यसरी नै धर्मी मानिसको खुला र दयालु बोली समुदायमाविशेष गरी प्रशस्त बौद्धिक, नैतिक र आत्मिक जीवन दिनको लागि अपरिहार्य हुन्छ ।

दुष्ट मानिसले आफ्नो बोलीद्वारा हानी र चोट ल्याउँछ । तिनीहरुले जीवनलाई टाढा लैजान्छन् ।

**गर्नुपर्ने काम : तपाईले आज जसलाई पनि भेट्नुहुन्छ , उसलाई सकारात्मक कुराहरु मात्र गर्ने प्रयत्न गर्नुहोस् । उनीहरुलाई प्रेरणा दिने खालको कुरा गर्नुहोस् ।**

## एक्काइसौँ दिन : धर्मी मानिसले आफ्नो पशुको वास्ता गर्छ

**हितोपदेश- १२ : १० धर्मी मानिसले आफ्नो पशुको वास्ता गर्छ , तर दुष्टको सबैभन्दा दयालु काम पनि निर्दयी हुन्छ ।**

परमेश्वरले जनावरहरुको ख्याल गर्नुहुन्छ । धर्मी मानिसले पनि आफ्नो जनावरमाथी दया देखाउँछन् र हेरविचार गर्छन् । परमेश्वरले मानिसलाई जनावरमाथी अधिकार दिनुभयो तर उसले त्यो अधिकार हेरविचार र दयालु किसिमले प्रयोग गर्नु जरुरी छ ।

वचनले सिकाउँछ कि धर्मी मानिसले चाहे त्यो जनावर नै भएतापनि, आफूलाई दिइएको कुरालाई राम्रोसँग हेरविचार गर्छ । तर दुष्टले ती कुराहरुमा शोषण मात्र गर्छ ।

**गर्नुपर्ने काम : यदि तपाईको घरमा पाल्तु जनावर छ भने त्यसलाई अझ बढी दया देखाउनुहोस् । यदि तपाईको घरमा छैन भने तपाईको वरिपरि बारम्बार देखिने जनावरलाई खाना दिनुहोस् ।**

## बाइसौँ दिन : धर्मीजन गाउन र प्रसन्न हुन सक्दछ

**हितोपदेश- २९ : ६ खराब मानिस त्यसको आफ्नै पापको कारण पासोमा पर्छ , तर धर्मीजन गाउन र प्रसन्न हुन सक्दछ**

मानिस आफ्नो स्वभावमा दुष्ट हुन सक्दछ तर उसको पापले गर्दा उसलाई नष्ट पार्छ । प्राय दुष्ट मानिसहरुले सोच्छन् कि तिनीहरु पापको माध्यमबाट रमाइरहेका र स्वतन्त्र पाइरहेका छन् तर त्यो तिनीहरुको निम्ति पासो बन्छन् ।

यदि पाप दुष्ट मानिसहरुको काम हो भने गाउनु र आनन्द मनाउनु धर्मीहरुको काम हो । जसरी पाप दुष्ट मानिसहरुको भित्र भएको कुराहरुको अभिव्यक्ति हो भने गाउनु र प्रसन्न हुनु धर्मी मानिसहरुको हृदयमा रहेको कुराहरुको अभिव्यक्ति हो ।

**गर्नुपर्ने काम : केही भजनहरु जोडले गाउनुहोस् र परमेश्वरको प्रशँसा गर्नुहोस् ।**

## तेइसौँ दिन : जब धर्मीको उन्नति हुन्छ , तब शहरै आनन्दित हुन्छ

**हितोपदेश- ११ : १० जब धर्मीको उन्नति हुन्छ , तब शहरै आनन्दित हुन्छ । जब दुष्टको नाश हुन्छ , तब रमाहट हुन्छ**

परमेश्वरले मानिसहरुको बीचमा उहाँको धर्मी जनलाई समर्थन गर्नुहुन्छ र जब तिनीहरु आशिषित हुन्छन् सबै समुदायले नै आनन्दित हुन्छन् । जब धर्मी मानिसहरु प्रेरित हुन्छन् र शक्तिशाली स्थानहरुमा पुग्छन् , तब पुरै शहर रमाउँछन् , नागरिकहरु र त्यस देशको जनताहरु पनि रमाउँछन् किनकि तिनीहरुले निर्धक्कसाथ न्याय र शान्तिको आशा गर्छन् ।

जब दुष्टको नाश हुन्छ तब रमाहट हुन्छ। जति जति समुदाय धर्मीहरुको उन्नतिमा आनन्दित हुन्छन् , त्यति नै तिनीहरु दुष्टहरुको अन्त्य र विपत्ति प्रति आनन्द मनाउँछन्। जब दुष्टहरुको नाश हुन्छन् तिनीहरुलाई कसैले पनि सम्झिदैनन्।

**धर्मीको विजयी हुँदा ठूलो खुशीयाली हुन्छ , तर दुष्ट सत्तामा पुग्दा मानिसहरु लुक्न थाल्छन्। ( हितोपदेश- २८ : १२)**

**धर्मी सप्रेमा मानिसहरु रमाउँछन् , दुष्टले शासन गर्दा मानिसहरु बेदनाले छटपटाउँछन्। - हितोपदेश- २९ : २ )**

**गर्नुपर्ने काम : तपाईलाई ज-जसले धार्मिकतामा हुर्कन मदत गर्नुभयो उहाँहरुलाई सम्झिनुहोस् र परमेश्वरलाई धन्यबाद दिनुहोस्। सम्भव छ भने उहाँहरुलाई धन्यबादको पत्र लेखेर पठाउनुहोस्।**

## चौबिसौं दिन : धर्मात्माचाहिँ अनन्तसम्मै स्थिर रहन्छन्

**हितोपदेश- १० : २५ जब आँधीबेहरी मडारिएर आउँछ , दुष्टहरु रहँदैनन् तर धर्मात्माचाहिँ अनन्तसम्मै स्थिर रहन्छन्**

यस वचनले दुष्टहरु अस्थिर र खतरानाक ठाउँमा रहन्छन् भन्ने कुरामा जोड दिन्छ। सबै मानिसको जीवनमा आँधीबेहरी आउँछन् , तर दुष्टहरुको उभिने ठाउँ हुँदैनन् जब तिनीहरुको जीवनमा आँधीबेहरी आउँछन्। जसरी तूफानले सबै कुराहरु बगाएर लैजान्छन् , त्यसरी नै परमेश्वरको क्रोधले दुष्टहरुलाई उडाएर लैजान्छ। तिनीहरुको न त हाँगा न जरा नै रहन्छन्।

मत्ती अध्याय ७ को वचन २४ देखि २७ सम्म लेखिएको बुद्धिमानी मानिस जसले चट्टान माथी घर बनायो ,त्यसरी नै धर्मी मानिससँग दृढ र अनन्तको जग हुन्छ , जसले गर्दा जस्तोसुकै आँधीबेहरीमा पनि स्थिर रहन सक्छ।

**गर्नुपर्ने काम : तपाईको जीवनमा आइपर्ने सबै आँधीबेहरीहरु सम्हाल्न सक्ने बुद्धि परमेश्वरसँग माग्नुहोस्।**

## पच्चिसौं दिन : धर्मीको घर दृढतासाथ खडा रहन्छ

**हितोपदेश- १२ : ७ दुष्ट मानिसहरु फालिन्छन् र तिनीहरु रहनेछैनन् तर धर्मीको घर दृढतासाथ खडा रहन्छ**

धार्मिकतामा जरा नभएको कारणले दुष्टहरु खडा हुन सक्नेछैनन् र रहनेछैनन्। तिनीहरु एक दिन फालिनेछन् र नष्ट हुनेछन्।

परमेश्वरले आफ्ना धर्मी पुरुषहरु र स्त्रीहरुलाई जोगाएर राख्नुहुन्छ । तिनीहरु र तिनीहरुका घर खडा रहनेछन् र दुष्टहरुको घरलाई फालिनेछन् ।

**गर्नुपर्ने काम : कसरी अझ धर्मी हुने बारेमा परिवारमा बसेर छलफल गर्नुहोस् र एकसाथ प्रार्थना गर्नुहोस् ।**

**छब्बिसौँ दिन : धर्मी मानिसको बत्ती चहकिलो भएर बल्छ**

**हितोपदेश- १३ : ९  धर्मी मानिसको बत्ती चहकिलो भएर बल्छ तर दुष्टको बत्ती निभाइन्छ**

धार्मिकता ज्योति र आनन्द सँग जोडिएको हुन्छ । जो मानिस धर्मी छु भनी दाबी गर्छ तर उसमा कुनै ज्योति र आनन्दको प्रमाण जीवनमा छैन भने त्यो व्यक्तिमा केही न केही कुरा खराब भएको हुन सक्छ ।

धार्मिकता ज्योतिसँग सम्बन्धित हुन्छ भने दुष्टहरु अन्धकारसँग जोडिएको हुन्छ । यो अन्धकार तब हुन्छ जब धर्मी परमेश्वरले अन्त्यमा न्याय गर्नुहुन्छ ।

**गर्नुपर्ने काम : मत्ती अध्याय ६ पुरै पढ्नुहोस् र धार्मिकताका कामहरुको बारेमा चिन्तन मनन गर्नुहोस् ।**

**सत्ताइसौँ दिन : धर्मीहरुले छुटकारा पाउनेछन्**

**हितोपदेश- ११ : २१  यो कुरा निश्चित छ : दुष्टहरु दण्डबिना उम्कनेछैनन् , तर धर्मीहरुले छुटकारा पाउनेछन्**

व्यक्तिगत रुपमा होस् या सामूहिक रुपमा होस् , मानिसमा परमेश्वरको विरोध गर्ने बल हुँदैनन् ।  जब मानब जातिले बाबेलको धरहरा बनाउने बेलामा परमेश्वरको प्रतिरोध गर्न खोजे, परमेश्वरले न्याय गर्नुभयो ।

धर्मी जनहरुको सन्तानहरुले छुटकारा पाउनेछन् , र परमेश्वरको आशिष तिनीहरुमाथी पर्नेछन् ।

**गर्नुपर्ने काम : तपाइपछिको पुस्तालाई धार्मिकताको बारेमा सिकाउनुहोस् ।**

**अट्ठाइसौँ दिन : धर्मीको हृदयले जवाफ दिन अघि त्यसलाई जोख्दछ**

**हितोपदेश- १५ : २८  धर्मीको हृदयले जवाफ दिन अघि त्यसलाई जोख्दछ, तर दुष्टको मुखले खरावी बकवाद गर्दछ ।**

परमेश्वरको धर्मी जनले के बोल्नुपर्ने भन्ने कुरामा पहिले नै बिचार गर्दछ । तिनीहरुको वचन आवेगमा र प्रतिक्रियाको आधारमा हुँदैनन् ।

दुष्टको बोलीवचनमा थोरैमात्र आत्मसँयमी हुन्छ । तिनीहरुको मुखबाट पहिल्यै विचार नगरीकन खराब शब्दहरु र बिचारहरु मात्र निस्कन्छन् ।

हामीले थोरै वचनहरु बोलौं र राम्रो वचनहरु बोल्ने गरौं । जब कुरा बढ्ता गरिन्छ , पापको अभाव हुँदैन , तर जसले आफ्नो जिब्रोलाई वशमा राख्छ , त्यो बुद्धिमान हो ।

**गर्नुपर्ने काम : कुनै कुरा बोल्नुभन्दा पहिले विचार गर्ने अभ्यास गरौं ।**

## उनान्तीसौं दिन : धर्मी जन परमेश्वरको मार्गमा हिँड्छन्

**होशे- १४ : ९ को बुद्धिमान छ ? उसले यी कुराहरु याद गर्नेछ । को समझदार छ ? त्यसले यी कुराहरु बुझ्नेछ । परमप्रभुका मार्ग ठीक छन् । धर्मी जन तिनैमा हिँड्छन् तर बागीहरु तिनमा ठेस खान्छन्**

आज हामीलाई परमेश्वरको बिरुद्धमा बिद्रोह गर्ने र निरन्तर ठक्कर खाइरहने वा परमेश्वरमा फर्किने र उहाँका मार्गहरुमा सुरक्षितसाथ हिँड्ने भन्ने बारेमा परमेश्वरले बिकल्प दिनुभएको छ । पहिलो विकल्प मुर्खता हो र दोस्रो बिकल्प बुद्धिमानी हो ।

बुद्धिमान मानिसले परमेश्वरको कृपालाई जान्छन् कि परमेश्वरले पश्चाताप र फर्कि आउनको निम्ति राम्रो अवसर दिनुहुन्छ र त्यस बोलावटलाई इन्कार गर्नु खतरानाक र मुर्खता हो ।

न्यायको घडीमा पनि बुद्धिमानी मानिसले परमेश्वरको मार्गलाई सही देख्छ र न्यायको घोषणालाई पनि पश्चातापको निम्ति एउटा बोलावट ठान्छ ।

**गनुपर्ने काम : के तपाई परमेश्वरको मार्गमा ठक्कर खानुहुन्छ ? कसैसँग कुरा गर्नुहोस् र सल्लाह लिनुहोस् ।**

## तिसौं दिन : धर्मीहरु सुरक्षित हुन्छन्

**हितोपदेश- १८ : १० परमप्रभुको नाउँ एक बलियो धरहरा हो, धर्मीहरु त्यहाँ दर्गुदै जान्छन् र सुरक्षित हुन्छन्**

परमेश्वरले अद्भूत र मजबुत तरिकाले रक्षा गर्नुहुन्छ । यो उहाँको नाउँलाई जादूजस्तै जपेर होइन तर उहाँको व्यक्तित्व र चरित्रलाई घोषणा गर्ने कुरामा जरा गाडिएको छ ।

यस कुरालाई ध्यानमा राख्ने हो भने आज धारिलो वाणले हानी गर्छ भनेर हामीमध्ये को चिन्ता गर्छौं र ? हामी परमेश्वरको न्याय, व्यबस्थाको श्राप, पाप, दोष, र दोस्रो मृत्यू बाट सुरक्षित राखिएका छौं ।

परमेश्वर हरेकलाई उहाँको नाउँमा शरण लिन बोलाउनुहुन्छ । जसले परमेश्वरको नाउँलाई पुकार्दछन् तिनीहरु बचाइनेछन् । परमेश्वरको धर्मी जनहरु उहाँमा नम्रसाथ आउँछन् र शरण लिन्छन् ।

**गर्नुपर्ने काम : तपाई परमेश्वरमा गएर शरण लिनुभएको समयहरुलाई सम्झेर प्रार्थना गर्नुहोस् ।**

## एकतिसौँ दिन : आफ्नो कृपा दृष्टिले परमेश्वरले धर्मीहरुलाई घेरिराख्नुहुन्छ

**भजनसँग्रह- ५ : १२ किनकि हे परमप्रभु, तपाईले धर्मीहरुलाई आशिष् दिनुहुन्छ , ढालले रक्षा गरेझैं कृपा दृष्टिले तिनीहरुलाई घेरिराख्नुहुन्छ**

परमेश्वरको कृपा भनेको सबै आशिषहरुभन्दा महान हो । परमेश्वरले हामीलाई कृपा र खुशीले हेर्नुहुन्छ भन्ने कुरा जान्नु नै यो सँसारमा महान ज्ञान हो ।

ढालले शरीरको एउटा मात्र अँगलाई ढाक्दैन तर यो हाम्रो शरीरको सबै अँगहरु ढाक्न प्रशस्त हुन्छन् । यो भनेको हतियार माथीको हतियार हो । यसरी नै परमेश्वरको कृपाले हामीलाई ढाक्दछ र सुरक्षित राख्दछ ।

**गर्नुपर्ने काम : धर्मी हुने दृढ निर्णय लिनुहोस् । परमेश्वरको कृपा, उहाँको शक्तिशाली कार्यहरु, र उच्च महानतालाई प्रशँसा गर्नुहोस् ।**